म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८७ बिहीबार १६ कात्तिक २०८० ने. सं. ११४३ कौलागा 2 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

फरक-फरक धर्म संस्कृति हाम्रो समस्या होइन, सम्पति हो । एक-अर्काको धर्म-संस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एक-आपसमा भेदरुभाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नदीजन्य पदार्थको आय बाँध्न स्थानीय सरकार असक्षम

# मकवानपुरगढी र भीमफेदीमा करोडौं राजश्व चुहावट

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ मकवानपुरको दुई स्थानीय तह मकवानपुरगढी र भीमफेदी गाउँपालिकामा अवैध तरिकाबाट नदीजन्य पदार्थ उत्खनन् भइरहेको पाइएको छ ।

चालू आर्थिक वर्ष २०८०/८१ मा जिल्ला अनुगमन समितिले जिल्लाका १० वटै स्थानीय तहमा नदीजन्य पदार्थ उत्खननका लागि अनुमति नदिए पनि पालिकाहरुमा अवैध तवरले नदीजन्य पदार्थ उत्खनन् भइरहेको हो ।

जरिवाना नतिराई गाउँपालिकाहरुले नै अवैध नदीजन्य पदार्थ उत्खननमा पक्षपोक्षण गरिरहेको पाइएको छ । चालु आवमा जिल्ला अनुगमन समितिले नयाँ वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नगर्नु, उत्खननमा ठेक्का लगाउन वा अमानतमा संकलनको अनुमति नदिएकाले सिधै खोलाबाट उत्खनन् गर्न पाईदैन । तर, मकवानपुरगढी र भीमफेदी गाउँपालिकामा अवैध रुपले नदीजन्य पदार्थ चोरी निकासी भइरहेको छ ।

मापदण्ड अनुसार विगतमा स्टक प्रमाणित भइसकेको ढुंगा, गिट्टी बालुवा राजश्व तिरेर निकासी गर्न र आइईई स्वीकृत भएको स्थानबाट मात्रै उत्खनन् गर्न पाइन्छ । मापदण्ड विपरित उत्खनन् भएमा ऐनअनुसार कारबाहीको दायरामा ल्याउनुपर्छ । कानुनविपरित भएको उत्खननमा प्रदेश आर्थिक ऐनको अनुसूचि ६ बमोजिम प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामग्रीका हकमा) सवारीसाधनको क्षमताअनुसार सवारीको प्रति घनमिटर क्षमतामा १ हजारका दरले जरिवाना गराउनुपर्ने व्यवस्था छ ।

अवैध नदीजन्य पदार्थको जफतसँगै ऐनअनुसार जरिवाना गर्नुपर्नेमा भीमफेदीले प्रति घनफिट ९ रुपैयाँ (भ्याटबाहेक)का दरले




राजश्व उठाएको छ । एक ट्याक्टरको १ सय घनफिट बराबर ३ घनमिटर हुन्छ । जसमा ९ रुपैयाँका दरले राजश्व लिँदा १ सय घनफिटको ९ सय र भ्याटको १ सय १७ रुपैयाँ गरेर प्रति ट्याक्टर १ हजार १७ रुपैयाँ राजश्व लिइएको हो । प्रदेश आर्थिक ऐनअनुसार भीमफेदीले जरिवानासहित ३ हजार रुपैयाँ राजश्व लिनुपर्ने थियो । यसरी, प्रत्येक ट्याक्टरमा अर्थात् ३ घनमिटर नदीजन्य पदार्थमा दुई हजारका दरले राजश्व चुहावट भइरहेको छ । दैनिक ५० भन्दा बढी ट्याक्टरमा नदीजन्य पदार्थ चोरी निकासी भइरहेको समाचार स्रोतले जानकारी दिएको छ । भीमफेदीमा दैनिक एक लाखका दरले राजश्व चुहावट भइरहेको हो ।

भीमफेदीका राजश्व शाखा प्रमुख सुदीप कँडेल भने दैनिक ५-६ ट्याक्टर मात्रै निकासी भइरहेको दाबी गर्छन् । भीमफेदी गाउँपालिकासँग वातावरणीय प्रभाव मूल्यांकन (आइईई)को म्याद कायम छ । २०८० फागुनसम्म आइईईको म्याद रहेको भीमफेदीले नदीजन्य पदार्थ उत्खनन् गर्न पाउने आधार बाँकी छ । तर, आइईई नै नभएको सामरी खोलाबाट नदीजन्य पदार्थ चोरी निकासी भइरहेकोमा भने गाउँपालिकाको राजश्व शाखा अनविज्ञता प्रकट गर्छ । रोचक विषय त, अवैध तरिकाले नदीजन्य पदार्थ उत्खनन् भएको थाहा नपाउने भीमफेदीले १ कात्तिक २०८० मा कर विजक (बिल) जारी गरेको प्रमाण फेला परेको हो ।

गाउँपालिकाको राजश्व शाखा प्रमुख कँडेलले १ नम्बर वडाको सामरी खोलाबाट भइरहेको उत्खननको विषयमा अनविज्ञता प्रकट गरे । 'सामरी खोलामा आइईई भएको छैन । त्यहाँबाट कसरी ग्राभेल उत्खनन् भयो होला त । यो त हुन नसक्ने कुरा हो ।', कँडेलले भने । सामरी खोलाबाट ग्राभेल उत्खनन् भएर निकासी भएको अवस्थामा अवैधानिक रहेको कँडेल स्वीकार्छन् । उत्खनन् बारे अनविज्ञता प्रकट गरेका राजश्व प्रमुख कँडेलले नै प्रदेश आर्थिक ऐनअनुसार जरिवानासहित ३ हजार राजश्व लिँदा चुहावट झन् बढेको बताए ।

कँडेलले त्यसरी अवैध तरिकाले उत्खनन् भएको बारे बुझेर उत्खनन् गर्नेलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका छन् । भीमफेदीले प्रदेशको आर्थिक ऐनलाई लत्याउँदै चोरी निकासी भएको नदीजन्य पदार्थलाई कर विजक जारी गरेर वैधानिकता दिन खोजेको छ । राजश्व उठाउने नाममा जरिवाना नै नगरी भीमफेदीले कर विजक जारी गर्दा चोरी निकासी गर्ने गिरोहलाई प्रत्यक्ष फाइदा पुगेको हो । कँडेलले गत असोजदेखि नदीजन्य पदार्थको राजश्व संकलन गर्न करारमा कर्मचारी राखेको बताए । उनकाअनुसार भीमफेदीमा प्रथम त्रैमासिकमा २ लाखको मात्रै राजश्व संकलन भएको छ ।

मकवानपुरगढी गाउँपालिकाले पनि ४ सय घनफिट परिमाणको ढुंगा संकलन/बिक्रीबाट जरिवाना नै नगरी प्रति घनफिट ९ रुपैयाँका दरले २८ असोजमा कर विजक जारी गरेको फेला परेको हो । गाउँपालिकाको राजश्व शाखा प्रमुख प्रकाश न्यौपानेले गत आर्थिक वर्ष २०७९/०८० र चालू आवको प्रथम त्रैमासिकमा गाउँपालिका भर ढुंगाको स्टक प्रमाणित नभएको जानकारी दिए । स्टक प्रमाणित नभएको ढुंगा निकासी गर्न नपाउने न्यौपाने नै बताउँछन् । गाउँपालिकाले जारी गरेको कर विजकमा ढुंगा बिक्री गरेको स्थान सिमलटार उल्लेख छ । ढुंगा सिधै खोलाबाट वा घाटगद्दी गरेकोबाट उठाइएको भन्ने खुल्दैन । बिलमा ढुंगा उत्खननको स्थान स्पष्टसँग उल्लेख नगर्नु कमजोरीलाई स्वार्थअनुसार तोडमोड गर्न सकिने अभिप्राय भएको बुझिने राजश्व फाँटमा काम गरिसकेका एक सरकारी अधिकारीले बताए ।

स्टक प्रमाणित नभएको ढुंगा निकासी गर्न नमिल्ने राजश्व शाखा प्रमुख न्यौपानेले बताए । मकवानपुरगढीबाट सरदरमा दैनिक ७०-८० वटा ट्याक्टर र ट्रिपरले अवैध तवरबाट नदीजन्य पदार्थ निकासी गरिरहेको छ । मकवानपुर गढीले जरिवाना नगराउँदा दैनिक लाखौं रकम राजश्व गुमाउनु परेको छ । स्थानीय तहहरुमा दिनहुँ अवैध तवरबाट उत्खनन् भइरहँदा पनि नियमनकारी निकाय जिल्ला अनुगमन समिति भने मुकदर्शक बनेको छ । जिल्लाभित्र हुने उत्खनन्, निकासीमा प्रत्यक्ष निगरानी गर्ने अधिकार बोकेर बसेको समिति नै चुपचाप बसेपछि स्वार्थ समूहलाई फाइदा पुगेको छ ।

समिति संयोजकसमेत रहेका जिल्ला समन्वय समितिका प्रमुख ललितकुमार घलान र अनुगमन समितिका सदस्य सचिव जिल्ला समन्वय अधिकारी सुर्यप्रसाद चापागाईं यसबारे अनविज्ञता प्रकट गर्छन् । तर, मंगलबार मात्रै जिल्ला समन्वय समितिबाट एउटा स्थानीय तहमा उत्खनन् रोक्न फोन गएको छ । उत्खनन् रोक्न फोन गर्ने कार्यालयका प्रमुख अर्थात् अनुगमन समितिका संयोजकले नै अनविज्ञता प्रकट गर्नु शंकास्पद छ । अनुगमन समितिलाई अवैध उत्खनन् भइरहेको बारे जानकारी नआएको घलान र चापागाईले बताए । अवैध उत्खननलाई तत्काल नियन्त्रण गर्ने घलानले बताएका छन् ।

# हेटौंडाबाट राजधानी सार्नुपर्ने मुख्यमन्त्रीको अभिव्यक्तिमा एमालेको आपत्ति

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ बागमती प्रदेशको संसदीय दलले प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सार्वभौम सदनले विगतमा गरेको निर्णयको विरुद्ध गैरजिम्मेवार अभिव्यक्ति दिएको भन्दै आपत्ति जनाएको छ ।



बुधवार नेकपा (एमाले) संसदीय दलका नेता जगन्नाथ थपलियाको अध्यक्षतामा ललितपुरमा बसेको बैठकले मुख्यमन्त्रीको अभिव्यक्तिले अस्थिरता निम्त्याउने खेल सुरु हुन लागेको संकेत गरेकोले जनतालाई सचेत हुन अनुरोध गरेको छ । बैठकले संसदको अघिल्लो कार्यकालले बागमती प्रदेशको नामाकरण लगायतका ऐतिहासिक विषयहरुमा टुंगो लगाइसकेकोमा त्यसका बिरुद्ध गैरजिम्मेवार अभिव्यक्ति दिएको भन्दै बिरोध गरेको हो ।

मुख्यमन्त्री जम्कट्टेलले गत असोज ३ गते भक्तपुरको मध्यपुर थिमिमा नेकपा (माओवादी केन्द्र) मध्यपुर नगर समितिले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा बागमती प्रदेशको नाम र राजधानी परिवर्तन गर्नुपर्ने बताएका थिए । प्रदेशको नाम र राजधानी दुवै अनुपयुक्त रहेको भन्दै धेरै जनता खुसी नभएको दाबी समेत गरेका थिए । सोही कार्यक्रममा सम्बोधन गर्दै तत्कालीन समय प्रदेशसभामा आफूले अन्तिम समयसम्म प्रदेशको नाम नेवा-ताम्सालिङ नै हुनुपर्छ भनेर अडान लिए पनि सम्भव हुन नसकेको मुख्यमन्त्री जमकट्टेलले बताएका थिए ।

उनले प्रदेशको नाम बागमती परिवर्तन गरेर नेवा-ताम्सालिङ नै राखिनुपर्ने बताएका थिए भने प्रदेश राजधानी हेटौंडा प्रदेशको एउटा कुनामा रहेकाले चितवन र मकवानपुरबाहेक अरु ११ जिल्लालाई पायक नपर्ने भएकाले सबैलाई पायक पर्ने गरी प्रदेश र ाजधानी धुलिखेल नै राखिनुपर्ने बताएका थिए । नाम र राजधानी परिवर्तन प्रदेशसभाको क्षेत्राधिकार रहेकाले उपयुक्त समय आएपछि राजनीतिक सहमतिबाटै राजधानी र नाम दुवै परिवर्तन हुने उनले बताएका थिए ।

विसं २०७६ पुस २७ गते बसेको प्रदेश सभा बैठकले तत्कालीन प्रदेश तीनको नाम बागमती र स्थायी राजधानी हेटौंडा कायम गर्ने प्रस्ताव दुई तिहाई बढी मतले पास गरेको थियो । बैठकमा नेकपा एमाले प्रदेश कमिटीका अध्यक्ष कैलाश प्रसाद ढुंगेल, प्रदेश कमिटीका निवर्तमान अध्यक्ष केशवराज पाण्डे, नवनिर्वाचित उपाध्यक्ष दावा दोर्जे लामा सचिव नवराज सिलवाल, उपसचिव प्रेमबहादुर महर्जन, उपत्यका विषेश कमिटीका उपसचिव उर्मिला सुनुवार लगायतको उपस्थिति रहेको थियो ।

# बागमती गाउँपालिकामा १५ शैयाको अस्पताल शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका वडा नम्वर-५ मा १५ शैयाको अस्पताल शिलान्यास गरिएको छ ।



बुधवार एक कार्यक्रमका बीच बागमती प्रदेशका प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी (छिन्तु)ले अस्पतालको शिलान्यास गरेका हुन् । अस्पतालको शिलान्यास गर्दै सांसद पुलामीले निर्माण कम्पनीलाई समयमै निर्माण सम्पन्न गर्न आग्रह गरे । उनले मकवानपुरको पुर्वी क्षेत्रमा रहेको बागमती गाउँपालिकामा अस्पताल निर्माण भइसकेपछि बिरामीहरु टाढा सेवा लिन जानुपर्ने समस्या हट्ने बताए ।

हरेक पालिकामा कम्तिमा एउटा १५ शैयाको अस्पताल निर्माण गर्ने संघीय सरकारको नीतिअनुसार बागमती गाउँपालिकामा अस्पतालको शिलान्यास गरिएको हो । एक विघा क्षेत्रफलमा १७ करोडको लागतमा अस्पताल निर्माण हुन लागेको हो । शिलान्यास कार्यक्रममा गाउँपालिका अध्यक्ष सर्केश घलान, बागमती गाउँपीलका-२ का वडा अध्यक्ष जनक पहरी, वडा नम्वर-४ अध्यक्ष दन्तलाल माझी, वडा नंम्वर-५ अध्यक्ष विजय भ्लोन, वडा-७ का अध्यक्ष उत्तर भ्लोन, गाउँपालिकाका कार्यकारी प्रमुख झम्क नारायण घलानलगायतको आतिथ्यता रहेको थियो ।

एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको गाउँपालिकाकै पहिलो सरकारी अस्पताल हुने र अस्पताल सञ्चालनमा आएपछि मेडिकल सुपरिडेन्डेन्ट, मेडिकल अफिसर, जनस्वास्थ्य निरीक्षक सहित सरकारी दरबन्दी हुने गाउँपालिका अध्यक्ष सर्केश घलानले जानकारी दिए ।

# बागमतीमा तटबन्ध निर्माणपछि १ सय ५० घरधुरी सुरक्षित



साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका-८ स्थित चौराखोलामा तटबन्ध गर्ने कार्यसँगै स्थानीयको घर र खेतीयोग्य जग्गाको संरक्षण भएको छ ।

तटबन्धसँगै १ सय ५० घरधुरी लाभान्वित बनेका हुन । चौराखोलामा तटबन्ध गरेपछि स्थानीयको घर बाढीको खतराबाट मुक्त भएको र ६० विघा खेतीयोग्य जमिनसमेत सुरक्षित भएको तटबन्ध निर्माण उपभोक्ता समितिका अध्यक्ष राजकुमार पराजुलीले जानकारी दिए । तटबन्ध निर्माणपछि स्थानीयले खेती लगाउन खनजोत समेत सुरु गरेका छन ।

बागमती प्रदेश सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा विनियोजन गरेको बजेटबाट तटबन्ध निर्माण गरिएको हो । प्रदेश सरकारले तटबन्धन निर्माण गर्न बागदाइ फाँट खेतीयोग्य जमिन बचाऊ आयोजनाका लागि ४० लाख रुपियाँ विनियोजन गरेको थियो । विनियोजित बजेटबाट उपभोक्ता समितिमार्फत १ सय ५७ मिटर भागमा तटबन्ध गर्ने कार्य सम्पन्न गरिएको छ ।

# मकवानपुरबाट पहिलोपटक दुई जनाले लिए गैरआवासीय नेपाली नागरिकता

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ मकवानपुरबाट पहिलो पटक दुई जनाले गैरआवासीय नेपाली नागरिकता लिएका छन् । बुधबार प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाइले हेटौंडा-११ की सन्जिता बिडारी र हेटौंडा-५ का श्रीकृष्ण थापालाई गैरआवासीय नेपाली नागरिकता दिएका हुन् ।



१५ वर्षदेखि अस्ट्रेलियामा बसोबास गर्दै आएका थापा र बिडारी श्रीमान/श्रीमती हुन् । थापा दम्पतीले मकवानपुर जिल्लाबाट पहिलो पटक गैरआवासीय नेपाली नागरिकता पाएका हुन् । नागरिकता प्राप्त गरेपछि उनीहरुले देश र जनताको नाममा शपथ लिएका थिए । गैरआवासीय नेपाली नागरिकता पाएपछि उनीहरुले खुसी व्यक्त गरेका छन् ।

'दु:ख, सुखको क्षणबाट गुज्रिएपछि विदेशको नागरिकता लिए पनि अहिले फेरि नेपालको नागरिकता लिन पाउँदा हामीलाई एकदमै खुशी लागेको छ । यसले हामीलाई विदेशमा रहेर पनि नेपालको जुन माया छ त्यसलाई अझ प्रगाढ बनाएर जान्छ भन्ने विश्वास लिएको छु ।', नागरिकता लिएपछि श्रीकृष्णले भने । थापाले देशलाई पनि यसले आर्थिक रुपमा धेरै नै फाइदा गर्ने दाबी गरे ।

गैरआवासीय नेपालीहरु नेपाल आएर लगानी गर्ने वातावरण खुलेको उनको भनाई छ ।

'हामीसँग यहाँ भएको सम्पत्ति बेचेर जानु पर्ने अवस्था पनि हुनेछैन । यसलाई राम्रो कदमको रुपमा लिएका छौं ।', गत जेठमा संशोधन भएको नागरिकता सम्बन्धी ऐन अनुसार सरकारले नियमावली स्वीकृत गरेपछि गैरआवासीय नेपालीले नागरिकता पाउने बाटो खुलेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# उद्देश्यअनुरुप सहकारी सञ्चालन आवश्यक

सहकारी हुनलाई सहकार्यमा सबैको उद्देश्य एक हुनुपर्छ । तर, एउटै उद्देश्य भन्दैमा राजनैतिक कार्यकर्ताहरुले संस्था गठन गरेर सहकारी संस्थालाई राजनैतिक मञ्चको रुपमा उपयोग गर्ने, एउटा डाक्टरले प्रवेश गरेर आफ्नो क्लिनिकमा सबै सदस्यहरु बोलाएर आफ्नो आम्दामी बढाउने, ठगहरु मिली संस्था गठन गर्ने र छद्म प्रवृत्तिका व्यक्तिहरु पसेर सदस्यको बचत लिएर कुलेलम ठोक्ने व्यक्तिहरुर समूहहरुको बीच एकै उद्देश्य हुने भएपनि त्यस्तो सहकार्य सहकारी मूल्य विपरीत हुने भएकोले सहकारी हुनै सक्दैन । व्यापारी र किसानबीच एउटै उद्देश्य नहुन सक्छ । त्यसैले उद्देश्य एकै हुनलाई पेशागत समानता, पूँजीगत समानता, सोचाई र दृष्टिकोणमा समानता जस्ता पक्षहरु महत्वपूर्ण मानिन्छन् । सहकार्य सहकारीको मूल्य मान्यता, सिद्धान्त र मर्मअनुरुपको हुन सक्छ ।

हाल नेपालमा बचत तथा ऋण, बहुउद्देश्यीय, दुग्ध, कृषि, स्वास्थ्य, सञ्चार, शिक्षा, उपभोक्तालगायत सहकारी संस्थाहरु दर्ता भएर सञ्चालनमा छन् । तर, विशेष उद्देश्य राखेर सहकारी दर्ता गरिए तापनि संस्थाको प्रमुख गतिविधिमा बचत संकलन गर्ने र ऋण प्रवाह गर्ने पर्दै आएको छ । जुन उद्देश्य लिएर सहकारी संस्था दर्ता गरिएको हो, त्यो उद्देश्य पूरा गर्नको लागि सोही उद्देश्यअनुरुप काम गर्नु अपरिहार्य छ । सहकारी संस्थाहरु स्थानीय तहको मातहत आएका छन् । अब सहकारी नियमन गर्नको लागि उद्देश्यअनुरुप सहकारी सञ्चालन गराउन स्थानीय तहले प्रभावकारी कदम चाल्नु पर्दछ । कृषि सहकारीले कृषि प्रबर्द्धन नगर्ने, दुग्ध सहकारीले दूध उत्पादन बढाउने र कृषकलाई प्रोत्साहन नगर्ने, उपभोक्ता सहकारीले उपभोग्य बस्तु उत्पादन र बजारीकरण नगर्ने जस्ता उद्देश्यमूलक ढंगले नचल्दा सहकारीबाट हुनुपर्ने प्रगति नभइरहेको स्पष्ट छ ।

अब सहकारी संस्थालाई एकीकरण गर्ने मुद्दा उठिरहँदा सहकारीको उद्देश्यहरुलाई मिलाएर एकीकरण गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने बेला भएको छ । स-साना सहकारी संस्थाहरुमा जम्मा भएर बसेको जनताको धेरै ठूलो धनराशि उपलब्धिहीन अवस्थामा छ । सहकारीमा रहने सञ्चित कोष, तरलतालगायत पूँजीलाई उत्पादनमूलक कार्यमा प्रयोग गर्न सके देशमा रोजगारीको प्रबर्द्धन गर्न पनि सकिन्छ । स-साना बस्तु उत्पादनमा सहकारीहरु लाग्न सके त्यसले पूँजी प्रबर्द्धनमा पनि टेवा पुग्ने देखिन्छ । त्यसैले सहकारीहरुलाई उद्देश्यअनुरुप सञ्चालन गर्दै उत्पादनमूलक क्षेत्रमा जोड्न ढिला गर्नु किमार्थ हुँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक १७ गते शुक्रबार, ३ नोभेम्बर २०२४ । षष्ठी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१६, सूर्यास्त ५:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परिवारमा कलह | **तुला** | : मानसिक अशान्ति |
| **वृष** | : यात्रामा बाधा | **वृश्चिक** | : कार्यमा ढिलाइ |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : मांगलिक कार्य सम्पादन |
| **कर्कट** | : अपजस पाइने | **मकर** | : उपचारमा खर्च बढ्ने |
| **सिंह** | : बौद्धिक कार्यमा बाधा | **कुम्भ** | : मानमर्यादाको वृद्धि |
| **कन्या** | : व्यवसायमा विवाद | **मीन** | : नवीन कार्ययोजनामा लगानी |

# नेपालको शिक्षा सुधार्ने घडीको प्रतीक्षा



✍ विद्या भट्टराई

शिक्षाको आवश्यकता र अपरिहार्यतामा कुनै विवाद छैन । शिक्षा समाज निर्माणको महत्वपूर्ण सूचक हो भन्ने बुझाइ स्थापित छ । गुणस्तरीय र व्यवहारिक शिक्षाको बारेमा पनि थुप्रै बहस र छलफल हुने गरेका छन् ।

राजनीतिक दलहरुले तीनवटै तहका सरकारको पहिलो प्राथमिकता शिक्षा हुनुपर्ने धारणासहित निर्वाचनको घोषणापत्र लेख्ने गरेका छन् । त्यस्तै शिक्षामा कुल राष्ट्रिय बजेटको २० प्रतिशत लगानी गर्ने प्रतिवद्धता पनि व्यक्त हुने गरेको छ । प्राविधिक शिक्षा ७० प्रतिशत र साधारण शिक्षा ३० प्रतिशत भयो भने मात्र शिक्षाले सक्षम र सीपयुक्त जनशक्ति निर्माण हुन्छ भन्ने सोच पनि राजनीतिक दल र नीति निर्मातामा देखिन्छ ।

संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक दिएको छ । त्यस अनुसार छुट्टै ऐन बनाएर कार्यान्वयन पनि गरिएको छ । संविधानले शिक्षालाई मौलिक हकमा राखेकाले शिक्षा र राज्यको बीचमा अन्योन्याश्रित सम्बन्ध निर्माण भएको छ ।

प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले शिक्षा क्षेत्रलाई कस्तो बनाउने भन्ने विषयमा ठोस खाका बनाउन सकेका छैनन् । सान्दर्भिक शिक्षा ऐन नभएका कारण शिक्षा क्षेत्र अस्तव्यस्त छ भन्ने धारणा सरकार सञ्चालकहरुले नै राखिरहने तर ऐन भने बन्न नसक्ने विडम्बनाको बीचमा छ आजको शिक्षा क्षेत्र ।

नयाँ पुस्ताको आकर्षण बढ्ने गरी सार्वजनिक शिक्षा प्रणाली निर्माण र सुधार गर्न हामी कहाँ चुक्यौ भन्ने प्रश्नको जवाफ दिन राज्य असक्षम त भएको होइन भन्ने प्रश्न उठेको छ ।यस्तो अवस्थामा मौलिक हक कार्यान्वयनको अनिवार्य दायित्वको रुपमा शिक्षालाई राज्यले प्राथमिकता दिन अनिवार्य छ ।

**अस्पष्ट सोच**

शिक्षा समाज विकासको सूचक हो र सामाजिक ऐक्यवद्धता निर्माणको लक्ष्य हो भनेपनि भिन्न २ प्रकारको शिक्षा प्रणालीको लामो अभ्यासले समाजलाई स्तरीकृत गरेको छ । स्तरीकरणका निश्चित विशेषताहरु निर्माण हुँदै जाने क्रममा नै सामाजिक असमानताहरु निर्माण हुन्छन् ।

शिक्षा असमानता अन्त्य गर्ने एक बहुआयामिक सोच हो भन्ने विश्वव्यापी मान्यता छ । तर यो मान्यतालाई कसरी स्थापित गर्ने भन्ने सवालमा राज्य स्पष्ट हुन सके मात्र शिक्षा प्रणालीले निर्माण गरेको सामाजिक स्तरीकरण र असमानताका सूचक पहिचान गर्न सकिन्छ ।

नेपालमा बहुदलीय ब्यवस्थाको सुरुवातसँगै शिक्षण संस्थामा निजीकरण सुरु भयो । यो प्रक्रियामा राज्यको एउटा मुख्य अंगको रुपमा निजी क्षेत्रलाई स्वीकार गर्दै शिक्षामा सरकारको लगानी घटाउनुपर्छ भन्ने मान्यता पनि देखियो ।

शिक्षण संस्थाहरुको सम्पूर्ण भार निजी क्षेत्रमा हस्तान्तरण गर्ने गरी निजी लगानीलाई प्रोत्साहित गर्दै प्रभावकारी शिक्षाको पहिचान नै बोर्डिङ संस्कृति हो भन्ने व्याख्यासमेत व्यापक बन्यो । सार्वजनिक शिक्षा क्षेत्रलाई मूल रुपमा दलीय कार्यकर्ता निर्माणको स्रोत केन्द्रको रुपमा विकास गर्ने अभ्यास सबै राजनीतिक आन्दोलनको एउटा प्रमुख रणनीति बन्यो ।

शिक्षकहरुलाई आन्दोलनको पथ प्रदर्शक तथा प्रशिक्षकका रुपमा र विद्यार्थीहरुलाई व्यवस्था विरुद्धका प्रचारक र सत्ता समर्थकका रुपमा व्याख्या गरियो, यसको प्रभाव आज पनि दरिलो छ । सार्वजनिक शिक्षण संस्थाहरुको गुणस्तरीयता निर्माण गर्ने संस्कृति कमजोर हुँदै जाँदा यसप्रतिको भरोसा पनि कमजोर भयो । सार्वजनिक शिक्षाप्रतिको जनविश्वास निष्प्रभावी बन्ने वातावरण सिर्जना भयो । सामुदायिक विद्यालयका शिक्षकहरु विभिन्न नाममा अपमानित हुने गरी न्यून तलबमा र असुरक्षित अवस्थामा काम गर्नुपर्ने बाध्यता राज्यले नै सिर्जना गर्‍यो ।

यति हुँदाहुँदै पनि माध्यमिक तहसम्मको शिक्षा निशुल्क गर्नुपर्छ भन्ने संवैधानिक प्रावधान र यो प्रावधानलाई ऐन मार्फत लागु गर्ने गरी नि:शुल्क र अनिवार्य शिक्षा ऐन, २०७६ समेत बनिसकेको अवस्था छ ।

शिक्षामा कम्तीमा कुल बजेटको २० प्रतिशत लगानी गर्ने भन्दै सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त हुने गरेपनि ११.२६ प्रतिशत मात्र विनियोजन भएको छ । संविधान र कानुनको प्रभावकारी कार्यान्वयनको मुख्य जिम्मेवारी सरकारको हो भने संबैधानिक प्रावधान र बनेका कानुनी व्यवस्थाको कार्यान्वयन, अनुगमनको जिम्मेवारी सरकारसँगै व्यवस्थापिकाको पनि हो ।

शिक्षालाई राज्यको दायित्वको रुपमा संविधानले अंगीकार गरिसकेको अवस्थामा शिक्षा क्षेत्रमा लगानी गरेका निजी कम्पनीलाई राज्यको हिस्सा बनाउने कि नबनाउने भन्ने स्पष्ट धारणा राज्यले दिन नसकेका कारण संस्थागत विद्यालय सञ्चालक अपमानित र लाञ्छित हुनुपरेको छ ।

संविधानको अनुसूची ८ ले विद्यालय तहको शिक्षाको एकल अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय तहमा प्रदत्त अधिकारको संरक्षणका लागि स्थानीय तहसंग खास छलफल गर्न नसकेका कारण बुझाइमा एकरुपता हुन सकेन र केन्द्रिकृत सोचबाट नै विद्यालय शिक्षा विधेयक निर्माण भइरहेको छ । आजको यथार्थ, भोलिको सान्दर्भिकता र संघीय शासकीय स्वरुपलाई संस्थागत गर्ने गरी शिक्षाको खाका कोर्न व्यापक छलफल, बहस र संवाद निरन्तर आवश्यक छ ।

**कानुन निर्माणको कमजोर अभ्यास**

कुनै पनि कानुन बनाउँदा सरोकार वालाका मागलाई गम्भीरताका साथ लिने, समस्याको पहिचान गर्ने, समस्याले समाजको कुन तहसम्म प्रभाव पार्छ भन्ने विश्लेषण गर्नुपर्नेमा हामी त्यति धेरै गम्भीर बन्न सकेका छैनौं ।

सञ्चार माध्यममा ब्यक्त हुने सर्वसाधारणका धारणा, प्राज्ञिक र नीतिगत अनुसन्धानमार्फत तयार गरिएका निष्कर्ष र सुझाव, सरोकारवालासंग तहगत छलफल र संवाद जरुरी हुन्छ भन्ने महत्व बोध हाम्रोमा अति कमजोर छ ।

हामीकहाँ कानुनलाई नागरिक र संस्थागत अभ्यासको पुरानो शैलीलाई तह लगाउन ल्याइने उपकरण हो भन्ने सीमित बुझाइ सरकार तहमा समेत रहेको छ । सामाजिक क्षेत्रसंग सम्बन्धित विषयमा ल्याइने विधेयकहरु सामान्यतया मस्यौदा तयार भएपछि विवादमा पर्ने र संसदमा आउनै नसक्ने, मस्यौदाले अन्तिम रुप पाउनका लागि अर्थ र कानुन मन्त्रालयको राय लिन महिनौं अल्झिनुपर्ने बाध्यता छ ।

संसदमा बल्ल बल्ल प्रवेश गरेपछि पनि संसदीय समितिमा साझा धारणा बनाउन नसकेका कारण फिर्ता भएका अनुभवहरु छन् ।

विद्यालय शिक्षा सम्बन्धी कानुनलाई एकीकरण गर्न बनेको विधेयक, २०८० पनि सरोकारवालाहरुको व्यापक बहस, जायज राय र उचित सल्लाहलाई इन्कार गरेर संसदमा पेश गरियो । सरकारले संसदमा पेश गर्नुअघि नै विधेयक मस्यौदाबारे सामाजिक सञ्जालमा पोस्ट भएपछि प्रधानमन्त्री र विभागीय मन्त्रीले नै सो मस्यौदा आधिकारिक नभएको भन्नुपर्ने बाध्यता पर्‍यो ।यस प्रकारका व्यवहारले सरकारको नेतृत्व शैलीप्रति आशंका मात्र होइन आम नागरिक र सम्पूर्ण सरोकारवालाहरुलाई अन्योलमा समेत पार्‍यो । विधेयकको मस्यौदा पेश भएपछि सडक आन्दोलनमा सामुदायिक विद्यालयका शिक्षकहरु आउनुपर्ने परिस्थिति निर्माण भयो ।

अहिले विधेयकलाई संसदले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाएको छ । समितिले सरोकारवालासंग विना पूर्वाग्रह छलफल गर्न अनिवार्य छ । सांसदहरुले स्वतन्त्र ढंगले विधेयक निर्माणमा भूमिका खेल्ने भन्दा पनि सरकारले गरेका सम्झौताको जिम्मेवारी लिनुपर्ने बाध्यताका कारण विधायकको स्वतन्त्र अधिकार माथि थुप्रै प्रश्नहरु आउने गरेका छन् ।

लोकतन्त्रमा ऐन निर्माण गर्नु भनेको राज्यको नियम मार्फत समाजलाई स्वचालित गर्नु हो भन्ने सोच सरकारले बुझ्नु आवश्यक छ ।

*साभार: अनलाइनखबर*

# संविधान कसको स्वार्थमा प्रयोग हुँदैछ ?



✍ श्याम घिमिरे

सन् १९९९ मा पहिलो पटक निर्वाचन जितेर ह्वायुगो चाभेज दक्षिण अमेरिकी राष्ट्र भेनेजुयलाका राष्ट्रपति बनेका थिए । उनले सन् २००५ मा जनमत सङ्ग्रहमार्फत संविधान संशोधन गरी भेनेजुयलालाई समाजवादी मुलुक घोषणा गरे । उनले मुलुकका सबै आर्थिक क्षेत्रलाई राष्ट्रियकरण समेत गरेका थिए । उनले आर्थिक क्षेत्रलाई मात्र राष्ट्रियकरण गरेनन्, भेनेजुयलाको लोकतन्त्रलाई पनि 'समाजवादीकरण' गर्दै लोकतन्त्रलाई नै समाप्त पारे । मृत्युपछि पनि उनका उत्तराधिकारी निकोलस मदुरोले पनि ह्वयुगो चावेजको पथलाई पछ्याइरहेकै छन् । त्यसैको परिणाम आज भेनेजुयलावासीले भोग्दै छन् ।

यस संसारमा सन् १९१७ मा सबैभन्दा पहिला सोभियत रुसमा समाजवाद शब्दलाई राष्ट्रको मार्ग निर्देशक सिद्धान्त बनाएपछि एकै पटक दोस्रो विश्व युद्धको अन्त्य भएपछि मात्र समाजवाद शब्द फेरि एक चोटि विश्वमा गुन्जियो । पूर्वी युरोप, पूर्वी एसिया, केही दक्षिण अमेरेकी राष्ट्रलगायत विशाल चीनको समेत राज्यको मार्ग निर्देशक सिद्धान्त समाजवाद बन्यो । लोकतान्त्रिक मुलुकहरूले समेत आफूलाई प्रजातान्त्रिक समाजवादी भन्दै कतै न कतै समाजवादसँग जोड्ने कोसिस गरे ।

यसरी हेर्दा सन् १९४५ देखि (युगोस्लाभियाको पतनको सुरुवात भएसम्म) सन् १९८० सम्मका ३५ वर्ष समाजवादीहरूको स्तुति बोलेको समय थियो । त्यसै समयमा संसारका मानिसहरूले समाजवादीहरूको विद्रुप स्वरूप पनि देखे, नरसंहार पनि देखे । सन् १९८० मा युगोस्लाभिया टुक्रिने क्रम सुरु भएपछि समाजवादीहरूको यस संसारबाट पतन सुरु भयो । ८० को दशक समाजवादीहरूको लागि अन्त्यन्तै पीडादायक रह्यो । चीनमा दोङ स्याओ फिङले उदार अर्थनीति अपनाएपछि एवं ९० सम्म आइपुग्दा रसियन युनियन भत्किएपछि लगभग संसारबाट समाजवादीहरू बिदा भए । सन् १९९० मा नेपालमा लोकतन्त्रको पुन: स्थापना हुँदासम्म समाजवादीहरू संसारबाट बिदा भइसकेका थिए ।

चीन, भेनेजुयला जस्ता सम्पन्न मुलुकले समाजवादको छोटो अवधिमा भोगेको विद्रुप स्वरूप एवं दुष्परिणाम नेपाल जस्तो सनातनी गरिब मुलुकले कति दिन धान्न सक्छ हामी हेर्दै छौ, भोग्दै छौँ ।

लोकतन्त्र प्राप्तिपछिको गिरिजाप्रसाद कोइराला नेतृत्वको प्रथम सरकारले सुरुवात गरेको आर्थिक उदारीकरण, विश्व बजारीकरण जस्ता नीतिगत सुधारका कार्यक्रमहरूको स्वामित्व न स्वयं उनको पार्टीले लियो न मुलुकले । विस २०४८ सालको जननिर्वाचित सरकारले संसारको प्रवाहलाई महसुस गर्दै लिएको आर्थिक उदारीकरणको नीति अन्तर्गत केही उद्योगहरूलाई निजीकरण गर्ने, केही व्यावसायिक सरकारी संस्थानलाई लिक्युडेसनमा लैजाने, सार्वजनिक खर्च घटाउने एवं उद्योग व्यवसायको क्षेत्रमा निजी क्षेत्रलाई फराकिलो ढङ्गले प्रविष्ट गराउने कोसिस गरेको थियो । २०५१ सालको मध्यावधि निर्वाचनमा कांग्रेसले आफ्नो सिद्धान्तबाट समाजवाद शब्द हटायो । तर त्यसको पार्टीभित्रबाटै व्यापक विरोध भएपछि त्यसलाई पुन: स्थापित गरियो । हुँदा हुदा २०७२ सालसम्म आइपुग्दा यिनै सुधारका नेतृत्वकर्ता कोइरालाका उत्तराधिकारी सुशील कोइरालाको नेतृत्वमा बनेको संविधानले मुलुकलाई समाजवादी नै बनाइदियो ।

**समाजवाद उन्मुख आजको नेपालको आर्थिक तस्बिर एक पटक हेरौं ।**

५४ खर्बको जम्मा जीडीपी भएको मुलुकको वार्षिक बजेट साढे १७ खर्बको छ । यो भनेको जीडीपीको एक तिहाइ हिस्सा हो । त्यसै गरी साढे १२ खर्बको राजस्वको अनुमान (जीडीपीको साढे २४ प्रतिशत हुन आउँछ) चालू आवको ३ महिनाको राजस्व असुली हेर्दा लक्ष्यको १५.९३ प्रतिशत मात्र उपलब्धि भएको देखिन्छ । यस हिसाबले राजस्वको असुली अनुमानको ७० प्रतिशत नाघ्ने देखिँदैन । वित्तीय व्यवस्थापनसमेत जोड्दा साढे १४ खर्बभन्दा बढीको चालू खर्चको अनुमान गरिएको बजेटमा यस हिसाबले झन्डै ५ खर्ब घाटा हुने देखिन्छ । यो घाटा पूर्ति गर्ने माध्यम ऋणबाहेक अर्को हुन सक्दैन । यसरी थपिँदै गएको ऋणको भारलाई मुलुकले बहन गर्न सक्छ कि सक्दैन ?

पुँजीगत खर्चका लागि छुट्याइको ३ खर्ब ३ अर्बमध्ये राष्ट्रिय गौरव भनिएका ठूला आयोजनामा ७० प्रतिशतभन्दा बढी खर्च विनियोजन गरिएको छ । यसको प्रगति अन्यन्तै न्यून छ । साना आयोजनाहरूमा विनियोजित रकम यति साना छन् कि न त्यसको टेन्डर हुन सक्छ न त्यो खर्च नै । यसरी हेर्दा यस वर्षको पुँजीगत खर्च आर्थिक व्यवस्थापनको अभाव र खर्च गर्ने परम्परागत शैलीका कारण गत वर्षको भन्दा घट्ने सम्भावना प्रबल छ, जसले बजारलाई अरू शिथिल बनाउन थप मद्दत पुऱ्याउने नै छ ।

२०२२ सालको राजा महेन्द्रको भूमि सुधारले ल्याएको जग्गा खण्डीकरणको अभियानको सीमालाई समाजवादी सरकारले झन् घटाएर निरन्तरता प्रदान गरेकै छ । जग्गा यति खण्डीकृत भइसकेको छ कि नेपालमा अब मासु र मासुजन्य पदार्थ, दुध र दुग्धजन्य पदार्थ एवं तरकारी र फलफूल जस्ता थौरै जमिनमा धैरै उत्पादन दिन सक्ने वस्तुबाहेक अन्य कुरामा आत्मनिर्भर हुन सक्ने अवस्था छैन ।

चीन र भारत जस्ता संसारकै ठूला औद्योगिक राष्ट्रहरूको बीचमा अवस्थित नेपाल जस्तो भूपरिवेष्टित राष्ट्रमा औद्योगिक विकासको सम्भावना कति होला ? कृषि उत्पादन र नेपालकै प्राकृतिक कच्चा पदार्थमा आधारित औद्योगिक उत्पादनबाहेक अन्य उद्योगको सम्भावना भनेको पाम आयल उद्योग जस्तो ठूलो ड्रममा ल्याउने सानो ड्रममा खन्याएर बेच्ने हो । अलि बढी मूल्यवृद्धि गर्न सकिने केही औद्योगिक उत्पादन भए केही फाइदाजनक हुन सक्छ ।

नेपालको सबैभन्दा ठूलो आर्थिक सम्भावना भनेको पर्यटन, आईटी र शिक्षा जस्तो सेवा क्षेत्र नै हो । भारतसँग राम्रो सम्बन्ध बनाउन सके विद्युत् व्यापारको सम्भावना पनि ठूलो छ । संसारका विकसित मुलुकहरूको अर्थतन्त्रलाई हेर्ने हो भने पनि अमेरिकामा ७७ प्रतिशत, अस्ट्रेलियामा ६७ प्रतिशत, युरोपमा ७० प्रतिशत चीन र भारतमा पनि जीडीपीको ५३ र ५४ प्रतिशत हिस्सा सेवा क्षेत्रले व्यहोरेको छ ।

आज नै करिब ६५ प्रतिशत जीडीपीको हिस्सा सेवा क्षेत्रले बोकेको अवस्थामा नेपालले यसलाई ८० प्रतिशतभन्दा माथि पुऱ्याउन सक्छ । तर नेपालको समाजवादी संविधानले सेवा क्षेत्रका सबै सम्भावनामा डर, त्रास, ढुलमुले नीति र निषेधको नीति अवलम्बन गर्दै आएको छ । जस्तो नेपालमा सरकारले मनसाय पत्र दिएर सम्बन्धन स्वीकृति नदिएका प्रस्तावित मेडिकल कलेजको सङ्ख्या १४, इन्जिनियरिङको ४५, स्वास्थ्य शिक्षातर्फ ५०, कृषि, वन र भेटेरिनरीतर्फ ७० वटा कलेज छन् । ६७ वटा चलिरहेको नर्सिङ कलेज ३ वर्षदेखि बन्द गरिएका छन् ।

यसबाट राज्यले रोजगारीको अवसर, राजस्व र सेवा क्षेत्रमा कति नोक्सान व्यहोरेको छ, यसको चिन्ता कसले गर्ने ? भएका निजी विद्यालय बन्द गर्ने जस्ता बहसहरू सरकारी स्तरबाटै चलाएर थप लगानीलाई निरुत्साहित गर्ने व्यवसायीमा आतङ्क सिर्जना गर्ने काम गरिन्छ । नेपालमा निजी क्षेत्रको विद्यालय शिक्षा मात्र राम्रो बनाउन सके पनि बिहार, यूपी, बङ्गाल, झारखण्डका समेत विद्यार्थीहरू नेपाल आएर पढ्ने, दार्जलिङ, खर्साङ, सिक्किम एवं देहरादुन जस्तो शैक्षिक हब बन्न सक्ने थियो । तर भएकै विद्यालयहरूलाई बन्द गरेर नेपाली विद्यार्थीहरू समेत भारत पठाउने षडयन्त्र समाजवादका नाममा कसको स्वार्थमा हुँदैछ ?

पर्यटनको क्षेत्रमा सरकारले न पर्याप्त पूर्वाधारको विकास गरेको छ, न भएका पूर्वाधार भन्न लायकका छन् । जे जति पर्यटनको क्षेत्रमा विकास भएको छ निजी क्षेत्रको आफ्नो पहल र प्रयासमा भएको छ । रेमिटेन्स पछि दोस्रो परिवर्त्य मुद्राको स्रोत, रोजगारीको स्रोत एवं राजस्वको समेत ठूलो सम्भावना बोकेको पर्यटनको क्षेत्रमा सरकारको कुनै लगानी एवं नीतिगत प्रयास देखिँदैन । पर्यटनलाई साँच्चै देशको आर्थिक मेरुदण्ड मान्ने हो भने पर्याप्त एवं आधुनिक पूर्वाधारको निर्माण, पर्यटनको क्षेत्रमा निजी क्षेत्रलाई पूर्ण सहुलियत, मनोरञ्जनका निमित्त गाँजा एवं यौन बजारको कानुनी मान्यता अनिवार्य छ ।

नेपालमा केही विशेष सुविधा दिने हो भने आईटीको सम्भावना पनि ठूलो छ । सस्तो श्रम रहेको हाम्रो जस्तो देशमा अन्तर्राष्ट्रिय बजार मा सामान्य पहुँच स्थापित गर्न सक्दा पनि यसले हामीलाई ठूलो मात्रामा रोजगारी एवं राजस्व दिन सक्छ ।

विद्युत् व्यापारको सम्भावनाका विषयमा जति कुरा गरे पनि भारतले नकिनीकन वा भारतले बाटो नदिईकन यसको सम्भावना नै छैन । त्यसैले भारतसँग सधैँ राम्रो सम्बन्ध बनाइराख्न सके मात्र यसको सम्भावना छ । चिनी र उखुको दरमा भएको सिन्डिकेटले सबै चनी उद्योग बन्द भएका छन् । साल्टट्रेडिङ, खाद्य संस्थान, साझा यातायात, आयल निगम, जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशन र विद्युत् प्राविधिकरणको एकाधिकार हुँदा हुँदा मरिसकेको पूर्वाधार कम्पनी जस्ता सरकारी व्यावसायिक कम्पनीहरू खडा गरेर स्वतन्त्र व्यवसायलाई निरुत्साहित गर्ने काम गरिएको छ । आयल निगमको एकाधिकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको गरेकै छ । निजी क्षेत्रले प्रतिमेघावाट १६ करोडमा उत्पादन गरेको विद्युत् प्राधिकरणले ३६ करोडमा उत्पादन गरिरहेको महालेखा परीक्षकको प्रतिवेदनले प्रस्तुत गरेको छ । विद्युत् व्यापारको एकाधिकारले उपभोक्तालाई र राष्ट्रलाई परेको मार अर्कै पाटो छ ।

बढ्दो ग्राहकको सङ्ख्या र घट्दो नाफा एवं राजस्वले दूरसञ्चार प्राधिकरण केही समयमै घाटामा जाने निश्चित भइसकेको अवस्थामा सीजी जस्ता नयाँ दूरसञ्चारका कम्पनीहरूलाई किन निषेध गरिएको छ, बुझ्न नसकिने कुरा छ । प्राकृतिक स्रोतको उचित दोहन नगरी मुलुकको विकास सम्भव छैन भन्ने जान्दा जान्दै गिटी बालुवाको अपार स्रोत भएको यस मुलुकमा यसलाई तस्करीको साधन बनाइँदै छ ।

कानुन र नियमावलीका अभावमा कैयौं व्यावसायीक क्षेत्रहरू प्रतिबन्धित जस्तै बनेका छन् । स्रोतको वृद्धितर्फ नलाग्ने सस्तो लोकप्रियताका लागि साधारण खर्च बढाएको बढाई गर्ने यो प्रवृत्तिले हामीलाई फेलियर स्टेटतर्फ लग्दै छ । बर्सेनि शिक्षा र कामको खोजीमा देश बाहिरिरहेका युवा जनशक्तिले हामीलाई निरासा, फ्रस्ट्रेस्नको भुमरीतर्फ यसरी धकेल्दै छ कि मानौं हामी बारुदको थुप्रोमाथि बसेका छौ, जो कुनै पनि बेला विस्फोट हुन सक्छ ।

यो देशलाई साँच्चै जोगाउने हो भने आर्थिक विकासका लागि सम्भाव्य सबै ढोकाहरू खुला गर्दै निजी क्षेत्र प्रवेश गर्न नचाहने स्थानमा मात्र सरकारी क्षेत्र प्रवेश गर्ने स्वर्णिम व्यावसायिक युगको आरम्भ गर्ने, कुशासन र भ्रष्टचारलाई समूल रूपमा समाप्त पार्दै चालु खर्चलाई निर्ममतापूर्वक कटौती गरेर १० खर्बको हाराहारीमा र पुँजीगत खर्च ५ खर्बको हाराहारीमा परिचालन गर्न सके मात्र यो देशले जनतामा पुन: विश्वास जागृत गर्न सक्छ ।

(घिमिरे नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभाका सांसद हुन् ।)

*साभार : रातोपाटी*

# हरिवंशदेखि विपिनसम्म आबद्ध 'महाजात्रा'को मुहूर्तसँगै छायांकन सुरु



सुपरहिट फिल्म 'जात्रा'को तेस्रो श्रृंखलाको रुपमा निर्माण हुन लागेको फिल्म 'महाजात्रा'को छायांकन थालिएको छ । बुधबार बिहान काठमाडौंको स्वयम्भूस्थित बिजेश्वरी मन्दिरमा क्यामेरा, क्ल्याप र स्क्रिप्ट पूजा गरेपछि बुढानीलकण्ठमा निर्माण गरिएको सेटबाट फिल्मको छायांकन सुरु गरिएको हो । फिल्मको मुहूर्त समारोहमा निर्देशक-निर्मातादेखि कलाकारहरुको उपस्थिति रहेको थियो ।

आगामी चैत ९ गतेलाई प्रदर्शन मिति तय गरिएको फिल्ममा 'जात्रा' श्रृंखलाकै मुख्य कलाकारहरु विपिन कार्की, वर्षा राउत, रविन्द्र झा, रविन्द्र सिंह बानियाँ दोहोरिएका छन् भने हरिवंश आचार्य थपिएका छन् । प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहने फिल्ममा शिशिर बाङ्देल, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव पन्त, सुमन कार्की, गौमाया गुरुङ लगायतको पनि अभिनय रहनेछ । ४५ दिनको सेड्युलमा फिल्मको छायांकन काठमाडौंका साथै जनकपुरका विभिन्न ठाउँमा हुनेछ । 'सत्य लुक्दैन, झुटो टिक्दैन' भन्ने ट्यागलाइन राखिएको फिल्ममा धेरै घटनाहरुको कथावस्तु रहेको निर्देशक भट्टराईले बताएका छन् । 'जात्रा'को दुईटा सिरिज पैसा र सुनको वरिपरि केन्द्रित रहेको थियो । यसपटक सुन र पैसासँगै राष्ट्रिय मुद्दालाई पनि समेटिएको निर्देशक भट्टराईको भनाई छ ।

रविन्द्र सिंह बानियाँ कार्यकारी निर्माता रहेको फिल्मको निर्मातामा म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेल छन् । षट्कोण आर्ट्सको ब्यानरमा बन्ने फिल्मको २ करोडमा अन्तर्राष्ट्रिय प्रदर्शन अधिकार बिक्री भैसकेको छ । त्यस्तै, ६० लाखमाथिमा डिजिटल राइट्स समेत बिक्री भैसकेको जानकारीमा छ । ब्रान्ड भ्यालु भएको यो फिल्मले बक्स अफिसमा सशक्त कमाई गर्ने प्रक्षेपण गरिएको छ ।

# नेपाल भर्सेस ओमानको हेड टु हेड




आइसिसी टी-२० विश्वकप २०२४ अन्तर्गत एसिया छनोटमा नेपालले समूह चरणको अन्तिम खेलमा भोलि बिहीबार ओमानसँग खेल्दैछ। नेपाल र ओमान दुवै टिम सेमिफाइनल पुगिसकेकाले कीर्तिपुर स्थित त्रिवि मैदानमा हुने खेलपछि समूह 'ए' को विजेताको टुंगो लाग्नेछ। खेल विहान ९ बजे सुरू हुनेछ। समूह विजेता बनेमा समूह 'बी' को उपविजेतासँग सेमिफाइनलमा प्रतिस्पर्धा हुनेछ। सेमिफाइनल जित्ने टिम विश्वकपमा छनोट हुनेछन् । नेपाल समूह विजेता बनेर अर्को समूहको उपविजेतासँग सेभिड्ने योजनामा छ। अर्को समूहमा युएई विजेता हुने सम्भावना छ। यस्तै बहराइन, हङकङ र कुवेतमध्ये एक टिम उपविजेता हुने सम्भावना देखिन्छ।

नेपाल र ओमानबीच टी-२० अन्तर्राष्ट्रिय खेलमा अहिलेसम्म चार पटक प्रतिस्पर्धा भएको छ। जसमा नेपालले पछिल्ला तीन खेलमा जित निकालेको छ।

नेपालले गत वर्ष भएको विश्वकप छनोटका दुवै खेलमा ओमानलाई हराएको थियो। २०२२ को फेब्रुअरीमा भएका खेलमा नेपाल ९ विकेट र ३९ रनले विजयी भएको थियो । त्यसअघि २०२२ कै फेब्रुअर ामै भएको टी-२० सिरिजमा पनि नेपालले ओमानलाई ६ विकेटले पर ाजित गरेको थियो।

नेपाल र ओमानबीच पहिलो टी-२० भने २०१९ को अक्टोबरमा भएको थियो। ओमानमा भएको टी-२० सिरिजको सो खेलमा नेपालमाथि ओमानले ६ विकेटको जित निकालेको थियो।

# थामिएन सेयर बजारको ओरालो यात्रा, ८१ करोडको कारोबार



काठमाडौं/सेयर बजारको ओरालो यात्रा बुधबार पनि जारी रह्यो । ५.८३ अंकले नेप्से परि सूचक घटेर १८५८ अंकमा झरेको छ । कारोबार रकम भने मंगलबार को तुलनामा बुधबार बढेको छ ।

मंगलबार ५७ करोड १४ लाख रुपैयाँ बराबरको धितोपत्र कारोबार भएकोमा बुधबार ८१ करोड २० लाख रुपैयाँ बराबरको भएको छ । ६८ कम्पनीको मूल्य बढ्दा १६२ को घट्यो भने ८ को स्थिर रह्यो ।

सबैजसो उपसमूहका सूचक घटेका छन् । बैंकिङ ०.२४, विकास बैंक १३.८०, फाइनान्स ६, होटल तथा पर्यटन ४७, जलविद्युत् ९, जीवन बीमा ३८, उत्पादन ४८, माइक्रोफाइनान्स २४, निर्जीवन बीमा ३५, अन्य ३ र व्यापार उपसमूह १४ अंक घटे । सयपत्री हाइड्रोपारको मूल्य ९.३ प्रतिशत बढ्यो । हिमालयन लघुवित्तको ८.५, रावा इनर्जीको ७.५ तथा घलेम्दी हाइड्रोको ३.७ प्रतिशत मूल्य बढ्यो । धेरै मूल्य घट्नेमा सोनापुर सिमेन्ट नै रह्यो ।

अघिल्लो दिनसम्म १० प्रतिशत मूल्य घटेको यस कम्पनीको बुधबार भने ७.९९ प्रतिशत घटेर २३४ रुपैयाँ ८० पैसामा कायम भएको छ । सीवाईसी लघुवित्तको ५.५ तथा स्वेतगंगा हाइड्रोको ४ प्रतिशत मूल्य घट्यो । कारोबार रकमका आधारमा सोनापुर सिमेन्ट, आशा लघुवित्त संस्थापक, हाथवे इन्भेस्टमेन्ट, सिटिजन लाइफ र हिमालय डिस्टिलरी क्रमशः अगाडि रहे ।

# नेपालमा उत्पादन नै नहुने सुपारी निर्यात खुलाउन 'मिनी संसद'मा शृंखलाबद्ध बहस



काठमाडौं/बुधबार संसदको उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिमा सुपारीको उत्पादन र निर्यातका विषयमा साढे तीन घण्टा छलफलपछि सभापति अब्दुल खानले निर्णय सुनाउन सुरु गरे ।

निर्णयको मस्यौदाका शुरुका बुँदाहरूमा नेपालमा सुपारी खेतीको प्रवर्द्धनका विषयहरू थिए । तिनमा सुपारी किसानलाई अनुदान, सुविधा, यान्त्रिक उपकरण, बीऊ, मलखादलगायत सहयोग गरेर उत्पादन वृद्धि गराउन सरकारलाई निर्देशन दिने विषय समावेश थिए ।

तर, मस्यौदाको ६ नम्बर बुँदामा 'नेपाली किसानबाट उत्पादित अप्रशोधित सुपारी पनि निकासी गर्न पाउने गरी व्यवस्था मिलाउने' बुँदा समावेश थियो । जबकि, नेपालमा उत्पादित सुपारीले आन्तरिक माग नै नधान्ने कारणले उद्योगहरूले कच्चा पदार्थका रूपमा विदेशबाट सुपारी आयातसमेत गरिरहेका छन् ।

त्यति मात्रै होइन, समितिले नेपालमा उत्पादित भएको सुपारीसहितको कृषि उपजको उत्पत्तिको प्रमाण पत्र जारी गर्न, ल्याब परीक्षण गर्न र अन्तराष्ट्रिय बजारमा नेपाली उत्पादन बिक्री वितरण गर्न सक्ने अवस्था बनाउन कृषि मन्त्रालय र उद्योग, वाणिज्य आपूर्ति मन्त्रालयलाई निर्देशन दिने र नेपालमा उत्पादित सुपारी निर्यात सम्बन्धमा बनेको कार्यविधि २०६८ समयानुकुल परिमार्जन गर्न निर्देशन दिने निर्णय समेत गरिएको घोषणा उनले गरेका थिए ।

निर्णयको ६ नम्बर बुँदामा आफ्नो आपत्ति रहेको माओवादी केन्द्रका सांसद महेन्द्रबहादुर शाहीले बताए । तर, सभापति खानले यस विषयमा लगभग सहमति भएको भन्दै बैठक सक्न खोजे ।

त्यसपछि सांसद शाहीले ध्यानाकर्षण जनाउँदै भने, 'सभापतिज्यू राष्ट्रिय सभाको शुसासन समितिले डीएनए टेष्ट गरेर नेपाली प्रमाणित भएको सुपारी मात्रै निर्यात गर्न अनुमति दिने निर्देशन दिएको छ । त्यसमा बाझिने गरी हामीले किन विवादस्पद निर्णय गर्ने ?' उनले थपे, 'हामीले सुपारी प्रकरणमा गहिराइमा नबुझी निर्णय गर्दा यो समिति बीचमै विवाद सृजना हुने अवस्था बन्ने भयो । यो निर्णय नगरौं ।'

केही समयअघि बाहिर निस्किएका नेकपा एकीकृत समाजवादीका सांसद कृष्णकुमार श्रेष्ठ (किसान) त्यति नै बेला समिति बैठकमा छिरे र श्रेष्ठले पुनः निर्णय पढेर सुनाउन माग गरे । श्रेष्ठको चर्को स्वरपछि सभापति खानले पुनः बैठकको निर्णय सुनाउन थाले । त्यसपछि श्रेष्ठले पनि ६ नम्बर बुँदाको निर्णय नगर्न उल्लेख गरे । 'सुपारी निर्यात खुल्ला होला र खाउँला भनेर बाहिर दलालहरू आँ गरेर बसेका छन् । दलाल र तस्करको अर्बको दलालीमा यो सिङ्गो समितिले किन निर्देशन दिने ? हामीलाई कसैले मोहोरा बनाउँदैछ,' उनले भने ।

बिहान साढे ११ बजेदेखि पौने तीन बजेसम्म छलफल गरेर निर्णय सुनाउने बेला सांसद श्रेष्ठ र शाहीले अवरोध गरेपछि समितिमा पुनः भाँडभैलो भयो । समितिका सभापति अब्दुल खान र कांग्रेसका सांसदहरू " ले जसरी पनि सुपारी निर्यात खोल्न निर्देशन दिनु पर्छ भन्ने पक्षमा बहस गरिरहेका थिए । माओवादीका सांसद शाही, एकीकृत समाजवादीका श्रेष्ठ, एमालेका मनबहादुर गुरुङ र एलबी सावाँ लिम्बु सुपारी निर्यातबारे समितिले निर्णय गर्न नहुने पक्षमा थिए । र ाष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुली घरी सुपारी निर्यात खोल्न पर्छ भन्थे घरी किसानको कच्चा सुपारी मात्रै निर्यात खोलौं भन्थे । बाँकी आधा बढी सांसद अन्यौल र अस्पष्ट कुरामै अल्झिन्थे ।

**उत्पादनले आन्तरिक माग नै धान्दैन, तर निर्यात गर्न दिनेबारे संसदमा बहस**

नेपालमा कति सुपारी सुपारी उत्पादन र खपत हुन्छ भन्ने तथ्यांक सरकारसँग पनि छैन । विगत दुई वर्षदेखि सरकारले औद्योगिक कच्चापदार्थका रूपमा मात्रै सुपारी आयात गर्न दिने नीति लिएको छ भने निर्यातलाई करिब बन्देज नै गरेको छ । यस्तो अवस्थामा गत आर्थिक वर्ष ०७९/८० मा ८ हजार मेट्रिक टन सुपारी आयात भएको छ । त्यस्तै, नेपालमा करिब ५ देखि ७ हजार मेट्रिक टन सुपारी उत्पादन हुने गरेको छ ।

'कोभिडका कारण विदेशबाट सुपारी आयात रोकिँदा नेपालमा ५ देखि ७ हजार मेट्रिक टन सुपारी देशभित्रै उत्पादन गरेको देखियो,' बाणिज्य विभागका महानिर्देशक तीर्थ चिलवालले भने ।

यस हिसाबले औद्योगिक र घरायसी प्रयोजनका लागि नेपालमा अधिकतम् १४-१५ हजार मेट्रिक टन सुपारी खपत हुने देखिन्छ । जबकि, आन्तरिक उत्पादन अधिकतम् ७ हजार मेट्रिक टन मात्रै छ ।

तर, कृषि मन्त्रालयले १४ हजार मेट्रिक टन उत्पादन उत्पादन हुने तथ्यांक दिने गरेको छ । 'कोभिड-१९ ले सुपारी उत्पादनलाई कुनै असर गरेको थिएन, त्यसो हुँदा त्यसबेला ७ हजार मेट्रिक टन मात्रै उत्पादन हुने अन्य वर्ष धेरै उत्पादन हुने भन्ने कृषिको तथ्यांक नै भरपर्दो छैन,' चिलवालले भने ।

देशको उत्पादनले आन्तरिक माग नै नधान्ने अवस्थामा निर्यातको बहस नै अनावश्यक रहेको उनको तर्क थियो ।

बुधबार समिति बैठकमा बोल्दै कृषि मन्त्रालयका सचिव डा.गोविन्द शर्माले पनि देशको उत्पादनले स्वदेशकै उद्योगलाई नपुग्ने अवस्थामा सुपारी निर्यातमा भइरहेको बहसको संगति नै नमिलेको बताए । तथापि सुपारीको बाली बिकास र उत्पादन मात्रै मन्त्रालयको क्षेत्राधिकार भएको भन्दै उनले निर्यातको विषयमा मन्त्रालयको चासोमा नपर्ने प्रष्ट्याए ।

विगतमा विभिन्न मुलुकबाट वर्षको २५ हजार मेट्रिक टनसम्म सुपारी आयात भएको देखिन्छ । नेपालमा इन्डोनेसिया, थाइल्याण्डको सुपारी नेपालमा आयात गरी त्यसलाई नेपालमा उत्पादनको प्रमाणपत्र जारी गरेर निर्यात गरिँदै आएको आरोप लाग्ने गरेको छ ।

संसदीय समितिमा पनि यसरी नेपालमा उत्पादन नै नहुने सुपारी निर्यात गर्न दिनुपर्ने भनेर शृंखलाबद्ध रूपमा गरमागरम बहस हुनु आश्चर्यजनक रहेको एक सांसदले नै बताए । झापाका किसान भन्दै नक्कली समूह खडा साउन २१ गते समितिमा निर्यात फुकुवा गर्नुपर्ने माग गर्दै निवेदन दर्ता भएको थियो । त्यसपछिका तीनवटा बैठकमा समितिमा यस विषयमा छलफल भयो र निर्यात खुलाउन निर्देशन दिने निर्णयको मस्यौदा समेत भएको थियो । तर, केही सांसदले प्रतिवाद गरेपछि त्यस्तो निर्णय हुन पाएन । तर, उत्पत्तिको प्रमाणपत्रलाई समायानुकूल बनाउने र सुपारी निर्यातसम्बन्धी कार्यविधिमा संशोधन गर्न निर्देशन दिने निर्णय भने समितिले गरेको छ ।

केही सांसदको विरोधपछि सुपारी निर्यात खोल्न निर्देशन दिने ६ नम्बर बुँदा हटाएर प्रशोधित सुपारी आयातमा काउण्टर भेलिङ (अतिरिक्त कर) लगाउन निर्देशन दिने निर्णय थप गरिएको छ ।

*स्रोत: अनलाइनखबर*

# चिसो बढ्दा पनि किन रोकिएन डेंगु संक्रमण ?

काठमाडौं/चिसो मौसम सुरु भएपनि डेंगुको संक्रमण रोकिएको छैन । काठमाडौंका अस्पतालमा डेंगुका लक्षण लिएर उपचार गर्न जाने बिरामीको संख्यामा कमी नआएको चिकित्सकहरु बताउँछन् ।

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा डेंगुका शंकास्पद बिरामी दैनिक १५ देखि २० जना पुग्ने गरेका छन् । अस्पतालका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार चिसो मौसम सुरु हुँदा पनि डेंगु संक्रमण घटेको छैन ।

संक्रमण घट्न अझै दुई-तीन हप्ता लाग्ने उनको आंकलन छ । 'चिसो मौसममा पनि दैनिक १५-२० जनाको हाराहारीमा डेंगुका बिरामी अस्पताल आइरहेका छन् । अझै दुई-तीन हप्ता डेंगुको जोखिम नै रहने देखिन्छ', डा. पुनले अनलाइनखबरसँग भने ।

काठमाडौं उपत्यकाका वीर, पाटन र त्रिवि शिक्षण अस्पतालमा पनि डेंगुका शंकास्पद बिरामी आइरहेका छन् । पाटन अस्पतालका मेडिकल विभाग प्रमुख डा. युवराज शर्माका अनुसार बहिरंग कक्ष (ओपीडी) मा दैनिक १० देखि १५ जना डेंगु संक्रमणसँग मिल्दोजुल्दो लक्षण लिएर आउने गरेका छन्, जसमध्ये अधिकांशलाई डेंगु पुष्टि पनि भएको छ ।

चिसो मौसम सुरु हुँदा पनि डेंगुको संक्रमण देखिइरहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी)को तथ्यांकले पनि देखाँउछ ।

इडीसीडीका अनुसार गत पुसयता देशभर ४२ हजार ४११ जनामा डेंगु संक्रमण देखिएको छ र २० जनाको मृत्यु भइसकेको छ । देशका १० जिल्लामा ५०० भन्दा बढी डेंगुका सक्रिय संक्रमित छन् ।

सबैभन्दा बढी सुनसरीमा १६ हजार १०५ जनामा डेंगुका सक्रिय संक्रमित छन् । त्यस्तै, तनहुँमा ६ हजार ११६, झापामा तीन हजार ६७७, धादिङमा तीन हजार १९३, मोरङमा दुई हजार २९०, कास्कीमा दुई हजार २७० ,काठमाडौंमा ९९१ र गोरखामा ६६२ जना संक्रमित छन् । कैलाली र धनकुटामा पनि ५०० भन्दा बढी संक्रमित छन् ।

अघिल्ला वर्षहरूमा पनि चिसो मौसममा डेंगु संक्रमण घटेको थिएन । गत वर्ष सेप्टेम्बरमा २७ हजार ५२९ जना संक्रमित थिए भने यस वर्ष ११ हजार ५८० संक्रमित भेटिएका छन् ।

त्यस्तै, गत वर्ष अक्टोबर मा १७ हजार ८८९ संक्रमित भएका थिए भने यस वर्ष नौ हजार एक जनामा संक्रमण देखिएको छ । गत नोभेम्बरमा चार हजार २९० संक्रिमत भेटिएका थिए भने डिसेम्बरमा ४८३ जना संक्रमित थिए । पछिल्लो वर्षको तथ्यांकले यस वर्ष पनि संक्रमण रहिरहन सक्ने देखिन्छ ।

**किन घटेन डेंगु संक्रमण ?**

सामान्यतया डेंगु सार्ने लामखुट्टेलाई २५ देखि ३० डिग्री सेल्सियसको तापक्रम उपयुक्त मानिन्छ । तर पछिल्लो समय यो भन्दा कम तापक्रममा पनि डेंगु सार्ने लामखुट्टे सक्रिय रहेको पाइएको छ ।

जनस्वास्थ्यविद्का अनुसार, कीटजन्य रोग विस्तार हुनुमा जलवायु परिवर्तन, मानिसको बसाइँसराइ, तीव्र शहरीकरण, कीटाणुमा कम तापक्रममा बाँच्न सक्ने क्षमताको विकास लगायत कारण रहेका छन् ।

तराईका जिल्लामा प्रकोपकै रूपमा देखिएको डेंगु संक्रमण गर्मी बढेपछि घटेको पाइएको थियो । किनकि, तापक्रम ३५ डिग्री सेल्सियस नाघेपछि डेंगु सार्ने लामखुट्टे बाँच्न सक्दैन । तर यसको उल्टो पहाडी र हिमाली क्षेत्रमा लामखुट्टेको प्रकोप बढ्दो छ । किनकि विज्ञका भनाइमा १२-१३ डिग्रीमा पनि डेंगु सार्ने लामखुट्टे सहजै बाँच्न सक्छ ।

डा. पुनका अनुसार डेंगु सार्ने लामखुट्टे १० देखि १२ डिग्री सेल्सियस तापक्रम रहँदासम्म हराउँदैन । हिजोआज पहाडी क्षेत्रको तापक्रम १० देखि १२ डिग्री सेल्सियसभित्रै रहेका कारण लामखुट्टे हराएको छैन ।

नेपालबाट मनसुन बाहिरिएको लामो समय भएको छैन । गत असोजमा त ठूलो पानी परेको थियो । त्यतिबेला परेको पानी खुल्डा-खुल्डीहरुमा जमिरहेको हुन्छ । त्यसमा लामखुट्टेको लार्भा विकास भइरहेको छ ।

'अहिले तापक्रम पनि उपयुक्त र लार्भाको वृद्धि विकास गर्ने ठाउँ प्रर्याप्त मात्रामा भएकाले डेंगु संक्रमणले निरन्तरता पाइरहेको छ', डा. पुन भन्छन् । त्यस्तै, लामखुट्टेले घट्दो तापक्रमसँग लड्ने क्षमताको विकास गरिसकेको छ ।

जनस्वास्थ्यविद् डा. शरद वन्त पहाडी र हिमाली क्षेत्र पनि कीटजन्य रोगका लागि उपयुक्त वातावरण बन्दै गएको बताउँछन् । '५ हजार फिटको उचाइभन्दा माथि हिजोका दिनमा डेंगु वा औंलो लाग्दैन भनिन्थ्यो । किनभने, त्यो उचाइमा औंलो सार्ने लामखुट्टेको अस्तित्व हुँदैन भन्ने गरिन्थ्यो', डा. वन्तले भने, 'अहिले आएर हिमाली जिल्लामा डेंगुका बिरामी छन् । जुन जलवायु परिवर्तनको प्रत्यक्ष असर हो ।'

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसन्धान प्रमुख तथा वातावरणीय स्वास्थ्यमा विद्यावारिधि गरेका डा.मेघनाथ धिमालका अनुसार, तराईमा पाइने लामखुट्टेले अब आफूलाई पहाडी र हिमाली वातावरणमा अनुकुनलन गराएका छन् ।

# कोशीमा नयाँ अभ्यास गरियो, हेरौं कसरी अघि बढ्छ: शेखर कोइराला

काठमाडौं/नेपाली कांग्रेसका नेता शेखर कोइरालाले कोशीमा नयाँ राजनीतिक अभ्यास गरिएको बताएका छन्।

कोइराला पक्षका कोशीका आठ जना कांग्रेस सांसदहरूले नेकपा (एमाले) सँग मिलेर केदार कार्कीलाई मुख्यमन्त्री बनाएका थिए।

कांग्रेसकै केही नेताले नेकपा माओवादी केन्द्रका नेताहरूसँग कोशीमा माओवादीकै इन्द्र आङ्बोलाई मुख्यमन्त्री बनाउन भनेपछि नयाँ अभ्यास गर्नु परेको कोइरालाले बताए।

'कांग्रेसका नेताहरू नै माओवादी सामु गएर तिम्रो पार्टीको यो मानिसलाई मुख्यमन्त्री बनाऊँ भनेकोले कोशीमा नयाँ राजनीतिक अवस्था सिर्जना हुन पुग्यो,' कांग्रेस कास्की क्षेत्र नम्बर १ को सम्मेलन उद्घाटन गर्दै बुधबार कोइरालाले भने, 'कांग्रेसकै नेताले मुख्यमन्त्री माओवादीलाई दिने कुरा कसरी हामीले मान्न सकिन्छ? कोशीमा नयाँ अभ्यास गरियो, हेरौं कसरी अगाडि बढ्छ।'

तर केन्द्रमा भने अहिलेकै गठबन्धन जारी रहने उनले बताए। 'केन्द्रमा भने अहिलेकै गठबन्धन जारी रहन्छ,' कोइरालाले भने। कोशीमा अहिलेसम्म कांग्रेस र एमालेबाट मात्रै मन्त्री छन्। मुख्यमन्त्री कार्कीलाई राप्रपाबाहेक दलले विश्वासको मत दिएका थिए। तर मुख्यमन्त्री कार्कीले मन्त्रिपरिषदलाई पूर्णता दिन ढिलाइ गरिरहेका छन्।

कांग्रेसले आफ्नो सिद्धान्त त्यागेर व्यवहारवादी राजनीतिमा लागेकोले पार्टी कमजोर बनेको कोइरालाको भनाइ थियो। उनले सरकारमा सहभागी कांग्रेसका मन्त्रीहरूले जनताका पक्षमा काम गर्नुपर्ने बताए। पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा कांग्रेसबाट ९ जना मन्त्री छन्।

# अब 'गोर्खा पल्टन २' कि 'परदेशी ३' ?



काठमाडौं/निर्देशक नार ायण रायमाझी र निर्माता राजेश बंशलबीच तीनवटा फिल्म 'गोर्खा पल्टन', 'परदेशी' र 'परदेशी २'मा जुगलबन्दी भयो । यी तीनवटै फिल्म सफल ठहरिए ।

'परदेशी २'ले त अघिल्ला दुई फिल्मभन्दा ठूलो व्यापार गरेको छ । फिल्मले दशैं विदाको राम्रो फाइदा उठाएको थियो । चौंथो हप्ताको संघारमा रहेको फिल्मले पूर्वका हलहरुमा अझै पनि उल्लेख्य मात्रा दर्शक पाइरहेको छ ।

'परदेशी २' सुपरहिट भएपछि निर्देशक रायमाझी र निर्माता बंशल 'गोर्खा पल्टन'को दोस्रो श्रृंखला निर्माणको तयारीमा जुटेको चर्चा छ । तर, निर्माता बंशल अहिले नै कुन नाममा फिल्म बनाउने भन्ने निर्कौलमा नपुगेको बताउँछन् । उनले तत्काललाई 'गोर्खा पल्टन २' निर्माण हुने सम्भावना न्यून रहेको समेत बताएका छन् । बरु नयाँ नाममा फिल्म निर्माणको सम्भावना रहेको उनको भनाई छ ।

उनले भने, 'अहिले हाम्रो ध्यान 'परदेशी २'मा नै केन्द्रित रहेकाले नयाँ फिल्मको बारेमा सोचेका छैनौं । दर्शक र साथीभाईबाट चाहिँ 'गोर्खा पल्टन २' र 'परदेशी ३' निर्माणको सुझाव आइरहेको छ । हामीले भने नयाँ नाममा फिल्म बनाउने कि भन्नेबारेमा सोचेका छौं । त्यसका लागि केही कथा पनि तयार छन् । सम्भवतः नयाँ नाममै फिल्म बन्न सक्छ ।' उनले नयाँ फिल्म बन्न २/३ वर्ष लाग्ने बताए ।

**निर्देशक रायमाझीले फिल्ममा** गाउँघरका कथाहरुलाई उठाउने गरेका छन् । कहिले परदेशीको कथा भन्छन् त कहिले लाहुरेको । यसैले हुनसक्छ, उनका फिल्म पारिवारिक दर्शकले बढी रुचाएका छन् । र, उनले आफ्ना फिल्ममा अभिनेता प्रशान्त तामाङलाई छुटाउने गरेका छैनन् । उनका लागि प्रशान्त 'लक्की' मानिन्छन् । यसैले त उनका तीनवटै फिल्ममा प्रशान्तको अभिनय रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# महिला मिलन सहकारीमा शिक्षा शिविर

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ हेटौंडा उपमहानगरपालिका वडा नम्वर-१३ स्थित महिला मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आयोजना गरेको शिक्षा शिविर विस्तारित मन्च कार्यक्रमको दोश्रो दिनमा दुईसय सेयर सदस्यहरु सहभागी भएको छन् ।

मंगलवारदेखि सुरु भएको उक्त कार्यक्रममा चार समुह गरी सहकारीका दुई सय शेयर सदस्य सहभागी भएका हुन् । चार दिनसम्म सञ्चालन हुने उक्त कार्यक्रममा सहकारीलाई कसरी अगाडि बढाउने, त्यसमा शेयर सदस्यहरुले खेल्नुपर्ने भूमिका के-कस्ता छन् भन्नेबारे शेयर सदस्यहरुसँग सल्लाह-सुझाव संकलन गरिएको संस्थाका प्रमुख व्यवस्थापक फुलमाया मुक्तानले जानकारी दिइन् ।



कार्यक्रममा सहभागी शेयर सदस्यहरुलाई सहकारीका निर्वतमान अध्यक्ष विष्णुमाया लामाले प्रशिक्षण दिएका छन् । कात्तिक १७ गते सम्म सञ्चालन हुने शिक्षा शिविर कार्यक्रममा चार सय शेयर सदस्य सहभागी हुने सहकारीका अध्यक्ष मिना थापाले जानकारी दिइन् । वि.सं. २०५८ बैशाख ४ गते प्लान नेपालले ५६ जना सदस्यसहित गठन गरेर सुरु गर्न सघाएको सहकारी संस्था हालसम्म आइपुग्दा उत्कृष्ट सहकारी बन्न सफल भएको छ । महिला मिलन सहकारीमा ६ हजार ३ सय ९७ शेयर सदस्य छन् ।

७१ करोड ४९ लाख ४९ हजार ६ सय ६२ रुपैयाँको आर्थिक कारोबार गरेको सहकारीले सदस्यलाई ५५ करोड ७६ लाख ५६ हजार १ सय ५९ रुपैयाँ कर्जा लगानी गरेको संस्थाका प्रमुख व्यवस्थापक मोक्तानले बताईन् ।

७ करोड १ लाख ५ हजार सात सय शेयर पुजीँ रहेको संस्थामा ५१ करोड ९५ लाख ४० हजार ५ सय ३३ रुपैयाँ बचत निक्षेप रहेको मोक्तानले बताईन् । सहकारीमा ५ करोड ४१ लाख ९८ हजार ४ सय ४७ रुपैयाँ जगेडा कोष रहेको जनाइएको छ ।

# १९ जनाद्वारा रक्तदान, वक्तृत्वकलामा न्यौपाने प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ हेटौंडा लेडी जेसीजको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत बुधबार रक्तदान कार्यक्रम भएको छ ।

हेटौंडा-१ स्थित रक्तसञ्चार केन्द्रमा आयोजित कार्यक्रममा १९ जनाले रक्तदान गरेको कार्यक्रम संयोजक सलोनी बाकाजुले बताईन् । लेडी जेसीज अध्यक्ष डिलमाया घर्तीको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाकी मन्त्री सुमित्रा काफ्लेको प्रमुख आतिथ्यता रहेको थियो । त्यस्तै, सप्ताहव्यापी कार्यक्रमअन्तर्गत बुधबार नै जिल्ला स्तरीय स्वगीय बुद्धरत्न शाक्य स्मृति खुला वक्तृत्वकला प्रतियोगिता भएको छ । प्रतियोगितामा मकवानपुर बहुमुखी क्याम्पसका छात्र सुनील न्यौपाने प्रथम भएका छन् ।

हेटौंडा लेडी जेसीजको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत पहिलो दिनको दोस्रो कार्यक्रममा बुधबार भएको वक्तृत्वकला वनविज्ञान अध्ययन संस्थान हेटौंडा-१० का छात्रा कृतिका लौडरी दोस्रो तथा मकवानपुर बहुमुखीका छात्र उचित बजगाईं तृतीय भएका छन् । उनीहरुलाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको कार्यक्रम संयोजक पवित्रा गुरुङले जानकारी दिइन् ।

लेडी जेसीज अध्यक्ष डिलमाया घर्तीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा क्याम्पस सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको प्रमुख आतिथ्यता रहेको थियो । जेसीज सप्ताहअन्तर्गत बिहीबार बिहान हेटौंडा-२, स्थित ओम वृद्धाश्रममा खाद्यान्न वितरण तथा दिउँसो बैठक सञ्चालन प्रणालीको विषयमा तालिम हुने अध्यक्ष घर्तीले जानकारी दिएकी छन् ।

# कुटपिटबाट एक जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नम्बर-११ थानाभन्याङमा कुटपिटबाट एक जना घाइते भएका छन् । घाइते हुनेमा सोही स्थान बस्ने ३० बर्षीय पुजन राउत रहेका छनु ।


बागमती प्रदेश प्रहरी कार्यालय मकवानपुरका अनुसार गए राति मदिरा सेवन गरिहेको अवस्थामा विवाद हुँदा आफ्नै साथीहरुबाट राउत कुटिएका हुन् । कुटपिटबाट उनी मध्यम घाइते भएको र उनको उपचारका लागि भरतपुरतर्फ पठाइएको प्रहरीले जनाएको छ ।

सँगै मदिरा सेवन गरेर साथीलाई कुट्ने चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । तर, प्रहरीले पक्राउ परेकाहरुको नाम भने सार्वजनिक गरेको छैन ।


"आयो, टप्प टिप्यो, लग्यो, तिमि पुग्यो, टासेर टर्दैन त्यो इन्द्रै बिन्ती गरुन् झुकर पदमा, त्यो बिन्ती मान्दैन त्यो"

## हार्दिक श्रद्धाञ्जली

जन्म २००० साल



स्वर्गारोहण २०८०-०७-०४

**स्व. महालक्ष्मी दहाल**

हाम्री ममतामयी माता **महालक्ष्मी दहाल**को असामायिक स्वर्गारोहन भएको १३ औं दिनको पुन्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दछौं । यस दुःखद् घडीमा सहानुभूति समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण नातेदार, इष्टमित्र तथा शुभचिन्तक महानुभावहरुप्रति हार्दिक भावपूर्ण आभार व्यक्त गर्दै प्रसाद ग्रहण गर्न उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**प्रसाद ग्रहण मिति:**
मिति : २०८०-०७-१६ बिहीबार
समय : दिउँसो २:०० बजे
स्थान : आफ्नै निवास पल्पसा सदन अगाडि

**प्रार्थी**
छोरा - सुदिप दहाल
सुनिल दहाल
सुधिर दहाल


# मकवानपुरमा आत्महत्याका घटना बढ्दो

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ मकवानपुरमा आत्महत्याका घटना बढ्दो रहेको छ । जिल्लामा चालु आर्थिक वर्षको साउन महिनादेखि हालसम्म ४३ जनाले आत्महत्या गरेका छन् ।

जिल्लामा आत्महत्या गर्नेमा २८ जना पुरुष, १२ महिला, २ बालक र एक बालिका रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकमा उल्लेख छ । उनीहरुले पारिवारिक कलह, आर्थिक समस्या, प्रेम सम्बन्धलगायत विविध कारण आत्महत्या गरेको देखिएको मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनका अनुसार, जिल्लामा पछिल्लो साता मात्रै ६ जनाले आत्महत्या गरेका छन् ।

जसमा राक्सिराङ गाउँपालिकाका एक जना, मकवानपुर गढी गाउँपालिकाका एक जना, हेटौंडा उपमहानगरपालिकाका एक जना, बकैया गाउँपालिकाका एक जना, इन्द्रसरोवर गाउँपालिकाका एक जना र मनहरी गाउँपालिकाका एक जना रहेका छन् ।

जिल्लामा गत आर्थिक वर्षमा १ सय ५५ जनाले आत्महत्या गरेको मकवानपुर प्रहरीको तथ्यांकमा उल्लेख छ ।

# २४ घण्टाभित्र ४ जनामा डेंगु संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ मकवानपुरमा थप ४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा गरिएको परीक्षणमध्ये हेटौंडाका २ जना, मनहरी र भीमफेदीका एक-एक जनामा डेंगु संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार, बुधवार थपिएसँगै जिल्लामा डेंगु संक्रमितको कुल संख्या ७ सय २२ पुगेको छ । उक्त तथ्यांक गत साउन महिनादेखि बुधवार सम्मको हो । जिल्लामा हालसम्म संक्रमित भएकामध्ये सबैभन्दा धेरै संक्रमित हेटौंडा उपमहानगरपालिमा रहेका छन । हेटौंडामा ४ सय ९८ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

यसैगरी, थाहा नगर पालिकाका ३ जना, मकवानपुरगढी गाउँपालिकाका १९ जना, बागमती गाउँपालिकाका २४ जना, मनहरी गाउँपालिकाका ६६ जना, इन्द्रसरोवर गाउँपालिकाका ४ जना, भीमफेदी गाउँपालिकाका ३६ जना, बकैया गाउँपालिकाका २२ जना र राक्सिराङ गाउँपालिकामा २ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । यसैगरी, साउन यता हालसम्म हेटौंडामा अस्पतालमा ४० जना र अन्य जिल्लाका ८ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

# हेटौंडाको सेल्फी रोडबाट रिभल्बर बरामद

हेटौंडा, १५ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुर ले हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१५ स्थित सेल्फी रोडबाट रिभल्बर (पेस्तोल) बरामद गरेको छ । बुधबार बिहान मेड ईन ईङ्ल्याण्ड लेखेको रिभल्बर बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुर र ईलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीले उक्त रिभल्बर बेवारिसे अवस्थामा फेला पारेर बरामद गरेको हो ।


## पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.को
## १४ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको १४ औं वार्षिक साधारणसभा संचालक समितिको मिति २०८०।०७।०१ गतेको वैठकको निर्णय अनुसार तपसिलमा उल्लेखित विषयहरुमा आवश्यक छलफल गरी उपयुक्त निर्णय गर्ने गरि निम्न लिखित मिति, समय र स्थानमा आयोजना गरिएको हुँदा सम्पुर्ण आदरणीय शेयर सदस्यहरुलाई उक्त साधारणासभामा अनिवार्य उपस्थिति हुनको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल** :

**(क) साधारण सभामा प्रस्तुत हुने विषयहरू** :
- संचालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत संस्थाको प्रतिवेदन ।
- सचिवको तर्फबाट संस्थाको प्रतिवेदन ।
- कोषाध्यक्षद्वारा प्रस्तुत हुने लेखा परीक्षण तथा आर्थिक प्रतिवेदन तथा आ.व. २०८०/०८१ को अनुमानित वित्तिय विवरण सम्बन्धमा ।
- लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन ।
- आ.व. २०७९/०८० को लेखा परीक्षकको वित्तीय विवरण पारित गर्ने र आ.व.२०८०/०८१ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
- माईन्युट प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
- विविध सम्बन्धमा ।

**(ख) कार्यक्रम** :
- मिति : २०८० साल मंसिर ८ र ९ गते शुक्रवार र शनिवार ।
- स्थान : पाञ्चायन साकोसको आफ्नै भवन, हेटौडा-०४
- समय : विहान १०:३० वजे ।

**अक्कल सिंह लामा**
**सचिव**



## जय शिव शम्भो
## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**


# जेसीजको राष्ट्रिय उपाध्यक्षमा पालुङका कार्कीको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ नेपाल जेसीज बर्ष २०२४ को राष्ट्रिय उपाध्यक्ष पदमा पालुङ जेसीज बर्ष २०२३ का अध्यक्ष संगम कार्कीले उम्मेदवारी दिएका छन् ।



राष्ट्रिय उपाध्यक्ष पदका उम्मेदवार कार्की पालुङ जेसीजमा २०१२ र २०१३ मा साधारण सदस्य, २०१४ मा खेलकुद संयोजक, २०१५ मा स्वयंसेवक संयोजक, २०१६ मा सदयता बिस्तार संयोजक, २०१७ मा बर्ष कार्यक्रम संयोजक, २०१८ मा सुरेन्द्रमान ओराटरी कन्टेस्ट संयोजक, २०१९ मा उपाध्यक्ष, २०20 कोषाध्यक्ष, २०२१ मा महासचिव, २०२२ कानुनी सल्लाहकार, २०२३ मा शाखा अध्यक्ष हुँदै २०२४ का लागि राष्ट्रिय उपाध्यक्ष पदको लागि उम्मेदवारी दिएका हुन् ।

२० वर्षपछि पालुङ जेसीजलाई राष्ट्रिय पदाधिकारी प्राप्त गराउनको लागि आफ्नो उम्मेदवारी रहेको राष्ट्रिय उपाध्यक्ष पदका उम्मेदवार काकीले बताए । कार्कीले संस्थाको गरिमालाई उच्च बनाउँदै आफ्नो क्षमताले भ्याएसम्म क्रियाशिल रहने बताए ।

थाहा नगरपालिका वडा नम्बर ३ मा २०४२ सालमा जन्मेका कार्कीले अंग्रेजी र समाजशास्त्र बिषयमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । सामाजिक कार्यमा सक्रिय कार्की नेपाल रेडक्रस सोसाईटी दामन उपशाखा कार्यसमिति सदस्य, हिमालयन ईङ्लिस सेकेन्डरी स्कूल थाहा-४ को विद्यालय संयोजक, न्यु भिजन एकेडेमी थाहा-३ को संस्थापक, जनकल्याण माध्यमिक विद्यालय थाहा-३ को मानविकी संकाय संयोजक छन् ।

नेपाल जेसीजका निर्वाचन आयुक्त लालमणि भण्डारीका अनुसार निर्वाचन कार्यक्रमअन्तर्गतको उम्मेदवारी तालिम, अन्तरवार्ता, ककश पश्चात मंसिर २९ देखि पौष २ गतेसम्म बुटवलमा हुने ५० औं राष्ट्रिय महाधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ ।

नेपाल जेसीज वर्ष २०२४ को लागि १ अध्यक्ष पदका लागि ५ जनाको उम्मेदवारी परेको छ । त्यस्तै कार्यकारिणी उपाध्यक्ष ४ जनाको लागि १३ जनाको र १२ जना उपाध्यक्ष पदका लागि २२ जनाको उम्मेदवारी परेको छ ।

# एमबीबीएस अध्ययनमा राक्सिराङले अनुदान दिने

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले चिकित्सा शिक्षाअन्तर्गत मेडिकल डाक्टर अध्ययन गर्ने विद्याथीलाई अनुदान सहयोग प्रदान गर्ने भएको छ ।

गाउँपालिकाले चिकित्सा शिक्षातर्फ स्नातक तह (एमबीबीएस) अध्ययन गर्ने विद्याथीहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय अनुसार सार्वजनिक सूचना जारी गरेको हो । गाउँपालिकाले जारी गरेको सूचना अनुसार एमबीबीएस अध्ययन सहयोग अनुदान लिन चाहने विद्याथीलाई आवेदन पेस गर्न आग्रह गरेको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा नै उक्त कार्यक्रम समावेश गरेको र गाउँसभाबाट एमबीबीएस अध्ययन सहयोग अनुदान कार्यक्रम स्वीकृत गरिएकाले उक्त कार्यक्रम कार्यान्वयनका लागि सूचना जारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिए ।

गाउँपालिका स्थायी बसोबास गरी हाल मान्यता प्राप्त शिक्षण अनुदान प्राप्त गर्नका लागि सूचना जारी भएको मितिले १५ दिन (मंसिर ४ गते) भित्र आवेदन पेस गर्न भनिएको छ । अनुदानका लागि तोकिएको ढाँचा अनुसारको आवेदन पत्रसहित आवश्यक शैक्षिक प्रमाण पत्रहरुको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपि, सम्बन्धित वडाको सिफारिस पत्र, अन्य कुनै ठाउँबाट कुनै किसिमको छात्रवृत्ति तथा करारमा अध्ययनरत् हो वा होइन स्पष्ट खुल्ने गरी सम्बन्धित अध्ययनरत् शिक्षण संस्थाको सिफारिस पत्र र विवाहित विद्यार्थीको हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपिको पेस गर्न सूचनामार्फत गाउँपालिकाले भनेको छ ।


## हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता घुम्ती शिविर सन्चालनसम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन टोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०८० कात्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल**:-
१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

**पुनश्च** :-
माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिटर जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरूमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने छ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**



## थाहा नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
ईन्द्रायणीचौर, मकवानपुर

## शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०८०।०७।१६)*

यस नगरपालिकाको कार्यालय तथा वडा कार्यालयमा आवश्यक ईन्भटर तथा ब्याट्री तथा बायोटिन कृषि चुन खरिदका लागि सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

| ठेक्का नम्बर | बोलपत्र खरिद गर्ने अन्ति ममिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | नगद/बिडबण्ड रु.२५,०००।- |
|---|---|---|---|---|
| ८/२०८०/०८१ | २०८०/०८/७गते ५:०० बजे | २०८०/०८/०८ गते १२:०० बजे | २०८०/०८/०८गते २:०० बजे | रु.२०,०००।- |
| ९/२०८०/०८१ | २०८०/०८/७गते ५:०० बजे | २०८०/०८/०८ गते १२:०० बजे | २०८०/०८/०८गते २:०० बजे | |

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक इजाजत प्राप्त फर्मले कृषि विकास बैंक लिमिटेड, पालुङ शाखामा रहेको यस नगरपालिकाको खाता नं. ०५०८४०११५५७३८१२१ मा रु १,०००।- (फिर्ता नहुनेगरी) जम्मा गरेको सक्कल बैंक भौचर र लिखित निवेदनको साथफर्म दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८०को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेस गर्ने र बोलपत्र बुझाउँदा प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ । बोलपत्र बुझाउँदा नगद (०५०८४०११५५७३८०३०) दाखिला गरेको बैंक भौचर वा बिडबण्ड रकम बराबरको इजाजतप्राप्त बैंकको १२० दिनको म्याद भएको जमानतपत्र वा बिडबण्ड पेश गर्नुपर्नेछ ।
२. बायोटिन कृषिचुन (क्यालसियम ७०% म्यागनेसियम २०% र सल्फर १०%)
३. विस्तृत जानकारीका लागि यस नगरपालिकाको जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना